सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (४) बमोजिमको

# वार्षिक प्रतिवेदन, २०८०/८१

नेपाल सरकार

## अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८१ भदौ

# विषयसूची


**कार्यकारी सारांश** ........ २

**१. परिचय** ........ ४

१.१ अर्थमन्त्रालयको संक्षिप्त परिचय ........ ४
१.२ दीर्घकालीन सोच ........ ४
१.३ उद्देश्य ........ ४
१.४ रणनीति ........ ४
१.५ कार्यक्षेत्र ........ ५
१.६ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड ........ ८

**२. आ.व.२०८०/८१ को प्रमुख कार्य र मुख्य मुख्य उपलब्धि** ........ १४

२.१ नीतिगत तथा कानूनी सुधार ........ १४४
२.२ संरचनागत सुधार ........ १५५
२.३ योजना तथा कार्यक्रम कार्यन्वयन अवस्था ........ १६६
२.४ माइलस्टोन प्रगतिको अवस्था ........ १८८
२.५ नवप्रवर्तनात्मक कार्य ........ १९

**३. अर्थ मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन भएका मुख्य मुख्य क्रियाकलापका सूचक र उपलब्धिको तुलनात्मक अवस्था** ........ २०

३.१ नेपाल सरकारको बजेट खर्चको यथार्थ अवस्था ........ २००
३.२ मुलुकको राजस्व परिचालनको समग्र अवस्थाः ........ २११

**४. आर्थिक वर्ष २०८०/८१ मा मुलुकको समग्र आर्थिक परिसूचक** ........ २३

४.१ आर्थिक वृद्धि र उपभोक्ता मुद्रास्फीति ........ २३३
४.२ कराधार विस्तार ........ २५
४.३ सार्वजनिक ऋण ........ २५
४.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन ........ २६
४.५ मौद्रक स्थिति ........ २७
४.६ मुद्राप्रदाय ........ ३०
४.७ बीमा ........ ३०
४.८ पुँजी बजार ........ ३०
४.९ वैदेशिक व्यापार ........ ३१
४.१० सेवा व्यापार र पर्यटक आगमन ........ ३१
४.११ वैदेशिक रोजगारी र वैदेशिक आप्रवाह ........ ३१
४.१२ शोधानान्तर स्थिति र चालु खाता ........ ३२
४.१३ विदेशी विनिमय सञ्चिति ........ ३२
४.१४ वैदेशिक लगानी ........ ३२
४.१५ कम्पनी दर्ता ........ ३२

**५. निष्कर्ष** ........ ३३

# कार्यकारी सारांश

- अर्थ मन्त्रालयलाई प्राप्त कार्यजिम्मेवारीलाई सम्पादन गर्ने क्रममा आ.व.२०८०/८१ मा मन्त्रालय वा अन्तर्गतबाट वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पन्न भएका क्रियाकलाप र त्यसको प्रगति तथा उपलब्धि लगायतका विषय समावेश गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (४) बमोजिम यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयलाई नेपालको संविधानको धारा-५३ बमोजिमको बार्षिक प्रतिवेदन तयार गर्न सहयोग समेत पुग्ने गरी यो प्रतिवेदन तयार पारिएको छ।
- आर्थिक वर्ष २०८०/८१ मा कर राजस्व रु.९ खर्ब ४४ अर्ब ५५ करोड ४७ लाख, गैरकर राजस्व तर्फ रु.१ खर्ब १४ अर्ब ३४ करोड १७ लाख र अन्य प्राप्ती २३ अर्ब ८५ करोड ३१ लाख गरी जम्मा रु.१० खर्ब ८२ अर्ब ७४ करोड ९५ लाख राजस्व सङ्कलन भएको छ। यस अवधिको राजस्व परिचालन लक्ष्य रु.१४ खर्ब २२ अर्ब ५४ करोड १७ लाख को तुलनामा ७६.०० प्रतिशत राजस्व सङ्कलन भएको छ।
- आर्थिक वर्ष २०८०/८१ मा अनुदान रु.२२ अर्ब २७ करोड र ऋण रु.१ खर्ब २३ अर्ब ६१ करोड गरी कुल रु.१ खर्ब ४५ अर्ब ८८ करोड वैदेशिक सहायता परिचालन भएको छ। आर्थिक वर्ष २०८०/८१ को कुल वैदेशिक सहायतामध्ये अनुदान १५.३ प्रतिशत र ऋण ८४.७ प्रतिशत रहेको छ।
- घाटा बजेट परिपूर्तिको लागि आ.व.२०८०/८१ मा २ खर्ब ३४ अर्ब ४२ करोड आन्तरिक ऋण र रु.१ खर्ब २३ अर्ब ६१ करोड बाह्य ऋण गरी जम्मा रु.३ खर्ब ५८ अर्ब ३ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।
- आर्थिक वर्ष २०८०/८१ मा कुल रु.१७ खर्ब ५१ अर्ब ५३ करोड बजेट विनियोजन गरिएकोमा यथार्थ खर्च रु.१४ खर्ब ०८ अर्ब ७६ करोड अर्थात ८०.४ प्रतिशत भएको छ। चालु खर्चतर्फ रु.११ खर्ब ४१ अर्ब ७८ करोड विनियोजन भएकोमा ९ खर्ब ५२ अर्ब ४१ करोड अर्थात ८३.४ प्रतिशत र पुँजिगत तर्फ रु.३ खर्ब ०२ अर्ब ७ करोड विनियोजन भएकोमा १ खर्ब ९१ अर्ब ७१ करोड अर्थात् ६३.५ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.३ खर्ब ७ अर्ब ४५ करोड विनियोजन भएकोमा रु.२ खर्ब ६४ अर्ब ६३ करोड अर्थात् ८६.१ प्रतिशत खर्च भएको छ।
- आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यातमा ३ प्रतिशतले कमी भई रु.१ खर्ब ५२ अर्ब ३८ करोड कायम भएको छ भने कुल वस्तु आयातमा १.२ प्रतिशतले कमी भई रु.१५९२ अर्ब ९९ करोड रहेको छ। अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको

थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात घटेको छ भने चीनबाट भएको आयात उल्लेखनीय रुपले बढेको छ।

- आर्थिक वर्ष २०८०/८१ मा  कुल वैदेशिक लगानी आप्रवाहमा ६.२ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ४७ करोड पुगेको छ। २०८१ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रु.२० खर्ब ४१ अर्ब १० करोड पुगेको छ।
- आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्रको आकार रु.५७ खर्ब ५ अर्ब पुगेको अनुमान छ।
- २०८१ असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ६३  लाख ४० हजार पुगेको छ। २०८० असारसम्म यस्तो सङ्ख्या ५५ लाख ५४ हजार पुगेको छ।
- केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System-CBMS) मा वार्षिक रु.२५ करोड रुपैंयाँभन्दा बढीको कारोबार गर्ने र विभागले तोकेका अन्य करदाताले अनिवार्य रुपमा यस प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था अनुरुप यस अवधिमा उक्त प्रणालीको क्षमता वृद्धि गरी थप २८६९ भन्दा बढी करदातालाई प्रणालीमा आबद्ध उक्त प्रणालीको क्षमता वृद्धि गरी थप २८६९ भन्दा बढी करदातालाई प्रणालीमा आबद्ध गरिएको छ।

# १. परिचय

## १.१ अर्थमन्त्रालयको संक्षिप्त परिचय

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर-सरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैङ्क तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवम् बजेट तर्जुमा, सरकारको अल्पकालिन तथा दीर्घकालिन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

## १.२ दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवम् वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकास मार्फत् समृद्ध र समाजवादउन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउने।

## १.३ उद्देश्य

राजस्वको आधार एवम् दायरा विस्तार र सुदृढीकरण गर्दै आन्तरिक तथा वाह्य स्रोत अधिकतम मात्रामा परिचालन गरी उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट मुलुकको समग्र विकास र  समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने।

## १.४ रणनीति

(१) वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,

(२) दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,

(३) सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने,

(४) सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,

(५) विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,

(६) वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,

(७) बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(८) उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,

(९) अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,

(१०) अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,

(११) राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,

(१२) अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतलाई उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,

(१३) वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,

(१४) निजीकरण भएका संस्थानको अनुगमन गर्ने,

(१५) आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने, र

(१६) आन्तरिक तथा बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

## १.५ कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम अर्थ मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्ः

(१) अर्थ तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, विश्लेषण, कार्यान्वयन र नियमन,

(२) आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

(३) समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,

(४) विकास सहायता नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन,

(५) केन्द्रीय बैङ्क सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,

(६) बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन,

(७) विदेशी मुद्रा सम्बन्धी कानून, नियमन तथा नियन्त्रण,

(८) आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,

(९) वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय साहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,

(१०) सङ्घीय सञ्चित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पूरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,

(११) बजेट तर्जुमा कार्यान्वयन र नियमन,

(१२) सरकारी जमानत,

(१३) सङ्घ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवम् अनुदानसम्बन्धी नीति, कानुन र नियमन,

(१४) तलब भत्ता उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषय,

(१५) सङ्घ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति कानून र मापदण्ड,

(१६) सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,

(१७) राजस्वसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,

(१८) राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,

(१९) सार्वजनिक खर्चसम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,

(२०) आर्थिक कार्यविधिसम्बन्धी नीति कानून मापदण्ड, कार्यान्वयन र नियमन,

(२१) मूल्य नीति,

(२२) लेखा तथा लेखापरीक्षण प्रणाली,

(२३) सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

(२४) सङ्घ, प्रदेश र स्थानीय तहबिच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन,

(२५) सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति,

(२६) भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवम् अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,

(२७) कर तथा भन्सार राजस्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धी, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,

(२८) राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखाङ्कन र सूचना आदान प्रदान,

(२९) धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(३०) बीमासम्बन्धी नीति कानून मापदण्ड र नियमन,

(३१) सङ्घ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन,

(३२) राजस्व चुहावट नियन्त्रण,

(३३) प्राकृतिक स्रोत तथा वित्त आयोग,

(३४) महालेखा परीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,

(३५) निक्षेप तथा कर्जा सुरक्षण कोष,

(३६) कर्मचारी सञ्चय कोष,

(३७) नागरिक लगानी कोष,

(३८) अवकास कोष,

(३९) सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,

(४०) राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम अध्ययन र अनुसन्धान,

(४१) सार्वजनिक संस्थान र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन,

(४२) मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,

(४३) नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

## १.६ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड

अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरूले निम्नानुसारका नीतिगत व्यवस्थता तथा कानूनको प्रयोग र पालना गर्नेछन्ः

**(क) नीति**

नेपालको संविधानको धारा ५१ को खण्ड (घ) ले अर्थ, उद्योग र वाणिज्य क्षेत्रका सम्बन्धमा गरिएको नीतिगत व्यवस्था,-

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,

(३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,

(४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वांगीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,

(५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,

(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,

(७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,

(८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,

(१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन तथा परिचालन गर्ने,

(११) वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,

(१२) गैर-आवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,

(१३) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने।

**(ख) ऐनहरू**

(१) सामयिक कर असुल ऐन, २०१२

(२) निकासी पैठारी नियन्त्रण ऐन, २०१३

(३) कर्मचारी सञ्चय कोष ऐन, २०१९

(४) विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९

(५) मदिरा ऐन, २०३१

(६) राजस्व न्यायाधिकरण ऐन, २०३१

(७) नागरिक लगानी कोष ऐन, २०४७

(८) निजामति सेवा ऐन, २०४९

(९) निजीकरण ऐन, २०५०

(१०) मूल्य अभिवृद्धि कर ऐन, २०५२

(११) अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन, २०५४

(१२) वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५

(१३) आयकर ऐन, २०५८

(१४) अन्तःशुल्क ऐन, २०५८

(१५) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८

(१६) बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

(१७) सार्वजनिक खरिद ऐन, २०६३

(१८) धितोपत्र सम्बन्धी ऐन, २०६३

(१९) सुरक्षित कारोबार ऐन, २०६३

(२०) दामासाही ऐन, २०६३

(२१) भन्सार ऐन, २०६४

(२२) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४

(२३) कसुरजन्य सम्पत्ति तथा साधन रोक्का नियन्त्रण तथा जफत ऐन, २०७०

(२४) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३

(२५) निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३

(२६) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

(२७) वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४

(२८) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(२९) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

(३०) योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५

(३१) लेखापरीक्षण ऐन, २०७५

(३२) भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५

(३३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६

(३४) सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९

(३५) बीमा ऐन,२०७९

(३६) भन्सार महसुल ऐन, २०८१

(३७) सालबसाली आर्थिक ऐन

**(ग) नियमावलीहरू**

(१) मदिरा नियमावली,२०३३

(२) निजामति सेवा नियमावली, २०५०

(३) मूल्य अभिबृद्धि कर नियमावली, २०५३

(४) बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८

(५) आयकर नियमावली, २०५९

(६) अन्तःशुल्क नियमावली, २०५९

(७) धितोपत्र बजार सञ्चालन नियमावली, २०६४

(८) नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४

(९) भ्रमण खर्च नियमावली, २०६४

(१०) भन्सार नियमावली, २०६४

(११) धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४

(१२) धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४

(१३) नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६

(१४) सामूहिक लगानी कोष नियमावली, २०६७

(१५) धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७

(१६) सामूहिक लगानी कोष नियमावली, २०६७

(१७) क्रेडिट रेटिङ्ग नियमावली, २०६८

(१८) नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८

(१९) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

(२०) वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४

(२१) नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४

(२२) विशिष्टिकृत लगानी कोष नियमावली, २०७५

(२३) हेजिङ्ग सम्बन्धी नियमावली, २०७५

(२४) धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५

(२५) कर्जा सुरक्षण नियमावली,२०७५

(२६) निक्षेप सुरक्षण नियमावली, २०७५

(२७) योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६

(२८) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,

(२९) धितोपत्र बजार संचालन नियमावली, २०७९

## (घ) निर्देशिकाहरू

(१) आयकर निर्देशिका, २०६६

(२) अन्तःशुल्क निर्देशिका, २०६८

(३) मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९

(४) जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२

(५) कार्य सञ्चालन निर्देशिका, २०७७

(६) प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७

(७) विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७

(८) ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०

(९) सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०

## (ङ) कार्यविधिहरू

(१) आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२

(२) प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४

(३) ग्रामीण स्वावलम्वन कर्जा कार्यविधि, २०७५

(४) सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५

(५) नव प्रवर्तन शुरुवाती पुंजी अनुदान कार्यविधि, २०७६

(६) सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६

(७) राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६

(८) रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाइपलाईनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६

(९) समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७६

(१०) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७६

(११) नवप्रवर्तन सुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७

(१२) व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७

(१३) सहलगानी सम्बन्धी कार्यविधि, २०७७

(१४) वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०

(१५) विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०

**(च) मापदण्ड**

(१) अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३

(२) घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४

(३) अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५

(४) बजेट तर्जुमा दिग्दर्शन, २०७५

(५) अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६

(६) प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६

(७) प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६

(८) सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८

(९) आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०

# २. आ.व.२०८०/८१ को प्रमुख कार्य र मुख्य मुख्य उपलब्धि

गत आर्थिक वर्षमा बजेट प्रणाली, लेखा प्रणाली र राजस्व प्रणालीमा सुधार, लगानीमैत्री वातावरण निर्माण, वैदेशिक सहायता परिचालनका क्षेत्रमा देहायका कार्यसम्पादन भई संविधानमा व्यवस्था गरिएको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिको कार्यान्वयनबाट देहायबमोजिमका उपलब्धि हासिल भएका छन्ः

## २.१ नीतिगत तथा कानूनी सुधार

आर्थिक वर्ष २०८०/८१ मा जारी भएका अर्थ मन्त्रालयसँग सम्वन्धित ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरणः

- आर्थिक ऐन, २०८१
- भन्सार महसुल ऐन, २०८१
- सम्पति शुद्धीकरण (मनि लाउण्डिङ) निवारण ऐन,२०६४ संशोधन गरी लागू गरिएको।
- मूल्य अभिवृद्धि कर (छब्बिसौं संशोधन) नियमावली, २०८१
- अन्तः शुल्क (पच्चीसौं संशोधन) नियमावली, २०८१
- आयकर (पन्ध्रौं संशोधन) नियमावली, २०८१
- भन्सार (पाँचौं संशोधन) नियमावली, २०८१
- मदिरा (चौथो संशोधन) नियमहरू, २०८१
- भन्सार विधेयक, २०८० सङ्घीय संसदमा पेश भएको।
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० लागू भएको।
- बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश भएको।
- कर्जा सुरक्षण (चौथो संशोधन) नियमावली, २०८० लागु भएको।
- बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश भएको।
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०
- सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८०
- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- आयोजनाहरूको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०

- बिलासिता शुल्क, वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि,२०८० कार्यान्वयनमा आएको।
- सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश भएको।
- सरकारी कोषको नगद व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को मस्यौदा नेपाल सरकार मन्त्रिपरिषद्मा पेश भएको।
- धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई (पहिलो संशोधन) गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- नयाँ कर (Digital Service Tax, Luxury Tax, Foreign Tour Tax, Foreign Employment Service Tax र हवाई सेवामा मूल्य अभिवृद्धि कर) कार्यान्वयन ।
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली,२०८० स्वीकृति भई सो अनुसार आन्तरिक ऋण व्यवस्थापन सम्बन्धी कार्य २०८० चैत्र १८ देखि पूर्णरुपमा सञ्चालन भएको।
- स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ लागू भएको।
- आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण तयार गरी प्रकाशन गरिएको ।
- आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याको पाँचौ परिमार्जन गरी लागू गरिएको।
- सम्पति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धी ५ वर्षे रणनीतिक योजना (२०८०/८१-२०८५/८६) नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत भएको ।
- आर्थिक वर्ष २०८०/८१ को वार्षिक अर्थ बुलेटिन प्रकाशन गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को सबै महिनाको मासिक अर्थ बुलेटिन तथा अर्धवार्षिक अर्थ बुलेटिन प्रकाशन गरिएको।
- युनिसेफसँगको सहकार्यमा सामाजिक सुरक्षा सम्वन्धी Policy Brief तयार गरिएको ।
- World Economic Outlooks साप्ताहिक रूपमा तयार गरिएको।
- सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा पुस्तक प्रकाशन भएको।
- सहुलियतपूर्ण कर्जा लाई प्रभावकारी बनाउन ब्याज अनुदानसम्बन्धी कार्यविधि पुनरावलोकन गरिएको।
- वस्तु विनिमय बजारको सञ्चालन गर्न कानूनी र संस्थागत व्यवस्था मिलाइएको।
- आर्थिक वर्ष २०८१/८२ को राजस्व नीति तथा कार्यक्रम तयार गरिएको।

## २.२ संरचनागत सुधार

- कुटनीतिक नियोगलाई फिर्ता दिनुपर्ने मूल्य अभिवृद्धि कर ग्रिन च्यानलबाट स्वचालित रूपमा फिर्ता दिने प्रणाली विकास गरी कार्यान्वयन प्रारम्भ गरिएको।

- वित्त जोखिम रजिष्ट्री सम्बन्धी काममा समन्वय गर्न सचिव (राजस्व) ज्यूको संयोजकत्वमा वित्त जोखिम समन्वय समिति गठन गरी कार्य प्रारम्भ भएको।
- सम्पति शुद्धीकरण (मनि लाउण्डिङ) निवारण ऐन,२०६४ (संशोधन सहित) को दफा ७(ब) मा व्यवस्था भएको निर्देशक समितिको सचिवालय अर्थ मन्त्रालयको आर्थिक नीति विश्लेषण महाशाखालाई तोकिएको।

## २.३ योजना तथा कार्यक्रम कार्यान्वयन अवस्था

- आर्थिक ऐन, २०८० को छुट तथा स्किमबाट रु.१४ अर्ब १६ करोड थप राजस्व सङ्कलन गरिएको।
- १९८६ करदाताको विभिन्न आयवर्षको अनुसन्धान सम्पन्न गरी रु.११ अर्ब ४ करोड थप कर निर्धारण भएको।
- सुक्खा बन्दरगाह भन्सार कार्यालय परिसरमा लामो समयदेखि जाँचपास नभई रहेका जम्मा ३०४ वटा कन्टेनरको मालवस्तु नियमानुसार चेकजाँच, जफत एवं लिलाम प्रक्रिया अघि बढाइएको। सोमध्ये हालसम्म ४२ वटा मालवस्तुको करिब रु. १९ करोड ७२ लाख मूल्य बराबरको सामान लिलाम भएको।
- भन्सार मूल्याङ्कन प्रयोजनको लागि Valuation Page मा घोषणा गरिएको Brand/Model/Size र मूल्याङ्कन विधि (Valuation Method) स्वचालित रूपमा प्रज्ञापनपत्रमा आउने गरी ASYCUDA प्रणालीमा व्यवस्था गरिएको। ७५ वटा शीर्षक तथा ५ वटा उपशीर्षक अन्तर्गतका वस्तुमा ब्रान्ड, मोडल तथा साइज अनिवार्य घोषणा गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा आएको।
- भन्सार जाँचपासका लागि २९ वटा भन्सार कार्यालयमा ASYCUDA WORLD प्रणालीमा आधारित नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) कार्यान्वयनमा ल्याइएको। कुल वैदेशिक व्यापारको ९९.९ प्रतिशत व्यापार आशिकुडा प्रणाली मार्फत हुने गरेको।
- स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा विकास गरिएको राजस्व व्यवस्थापन मोड्युल ५७८ वटा स्थानीय तहमा विस्तार गरिएको । हालसम्म ६८४ स्थानीय तहले भुक्तानी गर्दा विद्युतीय कोष हस्तान्तरण (EFT) मोड्युल प्रयोग गरी सोझै भुक्तानी प्राप्तकर्ताको बैङ्क खातामा रकम जम्मा हुने व्यवस्था कार्यान्वयनमा आएको।
- साविकमा छुट्टाछुट्टै रहेका TSA, CGAS लगायतका प्रणालीलाई एकीकृत गर्दै एउटै Platform IPFMS अन्तर्गत राख्ने प्रक्रिया अघि बढाइएको।
- TSA र CGAS का तथ्याङ्कको आधारमा राजस्व, विनियोजन, कार्यसञ्चालन कोष, धरौटी, खर्च प्रतिवद्धता र आन्तरिक लेखापरीक्षणको मन्त्रालयगत तथा जिल्लागत प्रतिवेदन तयार हुने गरी सङ्घीय तथा प्रदेश मन्त्रालय तथा विभागहरूमा प्रयोग हुने गरी मन्त्रालयगत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Ministerial Financial Information System-MFMIS) विकास गरी प्रयोगमा ल्याइएको ।

- विविध खर्च खाता र धरौटी खातामा हुने आम्दानी तथा खर्चको लेखाङ्कन एवं प्रतिवेदनको कार्य CGAS र TSA बाट हुने व्यवस्था मिलाइएको ।
- एकल खाता कोष प्रणाली (TSA) मा आवद्ध आन्तरिक लेखापरीक्षण मोड्युललाई आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ अनुकूल बनाइ प्रविष्टि गर्ने व्यवस्था मिलाइएको।
- सामाजिक सुरक्षा भत्ता बैंङ्क खातामार्फत सोझै भुक्तानी हुने व्यवस्था मिलाइएको। हालसम्म ३५ लाख ७० हजार लाभग्राहीको खातामा विद्युतीय कोष हस्तान्तरण (EFT) मार्फत भत्ता सोझै जम्मा भएको।
- साविकमा प्रदेशतर्फको स्रोत र दातृनिकाय प्राथमिक स्रोतमा मात्र लेखाङ्कन हुने गर्ने गरिएकोमा प्रणालीमा सुधार गरी प्राथमिक र द्धितीय स्रोत छुट्टिने गरी लेखाङ्कन र प्रतिवेदन प्रणाली विकास गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को असार महिनासम्म रु. २ खर्ब ३४ अर्ब ४२ करोड १४ लाख आन्तरिक ऋण परिचालन गरिएको।
- सार्वजनिक संस्थानको नाममा रहेका जग्गाको क्षेत्रफल र चारकिल्ला यकिन गरी संस्थानको सम्पत्ति संरक्षण गरिएको।

**तालिकाः १ आर्थिक वर्ष २०८०/८१ को अर्थ मन्त्रालय वा अन्तर्गतको बजेट र खर्च**

**(रु.हजारमा)**

| आ.व.२०८०/८१ | | | आ.व.२०८०/८१ | आ. व. २०७९/८० |
|---|---|---|---|---|
| **विवरण** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** | **खर्च प्रतिशत** |
| चालु | २९४९०३८९ | १००४५०७२ | ३४ | ४३ |
| पुंजीगत | ४६८१२०६ | २७७३४२४ | ५९ | १८ |
| **जम्मा** | **३४१७१५९५** | **१२८१८४९७** | **३८** | **३५** |

*स्रोतः अर्थ मन्त्रालय, २०८१*

- बेरुजु फछ्र्यौट गर्ने निकाय र विधिका विषयमा प्रष्टता नहुँदा आर्थिक वर्ष २०८०/८१ मा अंग पुगेका विषयमा पनि फछ्र्यौटको काम हुन सकेन।

**तालिकाः २ मन्त्रालय वा अन्तर्गतको बेरूजु फछ्र्यौट तथा प्रगति (रु. हजारमा)**

| निकाय | आर्थिक वर्ष २०८०/८१ मा फछ्र्यौट गर्नुपर्ने बेरुजु | फछ्र्यौट रकम | फछ्र्यौट प्रतिशत | बाँकी बेरुजु |
|---|---|---|---|---|
| अर्थ मन्त्रालय | ३७७४६ | ० | ० | ३७७४६ |
| अर्थ मन्त्रालय निजीकरण | ६१७६५१ | ० | ० | ६१७६५१ |

| | | | | |
|---|---|---|---|---|
| महालेखा नियन्त्रक कार्यालय | १८१४६२९ | ० | ० | १८१४६२९ |
| आन्तरिक राजस्व विभाग | ७६०१४२४५ | ० | ० | ७६०१४२४५ |
| भन्सार विभाग | ७४८८४१२ | ० | ० | ७४८८४१२ |
| सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ३३४ | ० | ० | ३३४ |
| ऋण असुली पुनरावेदन न्यायाधिकरण | ३ | ० | ० | ३ |
| सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ७९३८० | ० | ० | ७९३८० |
| जम्मा | ८६०५२४०० | ० | ० | ८६०५२४०० |
| सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय (PEFA) को बेरुजु | १३२१ | ० | ० | १३२१ |
| कुल बेरुजु | ८६०५३७२१ | ० | ० | ८६०५३७२१ |
| आन्तरिक राजस्व विभागले फछ्र्यौटका लागि अनुरोध गरेको रकम रु.१५ अर्ब ४२ करोड | | | | |
| आर्थिक वर्ष २०७९/८० को लागि ६० औं म.ले.प. प्रतिवेदनको बेरुजु अंक रु.२५ अर्ब ४७ करोड ४८ लाख रहेको। | | | | |

## २.४ माइलस्टोन प्रगतिको अवस्था

अर्थ मन्त्रालयलाई जिम्मेवारी तोकिएका १७५ माइलस्टोनमध्ये ५१ माइलस्टोन सम्पन्न भएका छन्। गत आर्थिक वर्षमा ५५ प्रतिशत माइलस्टोन कार्य शुरु भएर पनि सम्पन्न भएका छैनन्। ती कार्यहरूलाई चालु आर्थिक वर्षभित्र सम्पन्न गर्नेगरी नियमित कार्य योजनामा समावेश गरिएको छ। विगत आर्थिक वर्षको माइलस्टोनमा समावेश गरिएको र शुरु नै हुन नसकेका माइलस्टोनलाई चालु आर्थिक वर्षमा पनि विभिन्न क्रियाकलापका रूपमा निरन्तरता दिइएको छ। कार्य शुरु नभएका माइलस्टोनका विवरण देहाय वमोजिम रहेका छन्:

- मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल आयोजना कार्यान्वयन गर्न प्रक्रियामा रहेका ठेक्का रद्द भइ पुन बोलपत्र आव्हान गर्नु परेकाले गत आर्थिक वर्षमा १७ वटा माइलस्टोन शुरु हुन नसकेको,
- भन्सार मूल्याङ्कनलाई कारोबारमा आधारित बनाई यथार्थपरक बनाउन अनलाइन मुल्याङ्कन तथ्याङ्काधार निर्माण कार्य नभएको,
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ संशोधन नभएको,
- भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ संशोधन नभएको,
- विनिमय अधिकार पत्र ऐन, २०३४ संशोधन नभएको,

- लिजिङ फाइनान्स सम्बन्धी कानून तर्जुमा नभएको,
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी नियमावली तर्जुमा नभएको,
- आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन नभएको।

**तालिकाः ३ माइलस्टोनको प्रगति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सम्पन्न माइलस्टोन | ५१ | २९ |
| काम भइरेहका माइलस्टोन | ९६ | ५५ |
| शुरु नभएका माइलस्टोन | २८ | १६ |
| **जम्मा** | **१७५** | **१००** |

## २.५ नवप्रवर्तनात्मक कार्य

- आन्तरिक राजस्वको प्रभावकारी परिचालनको क्षेत्रमा सहकार्य गर्दै आएको अन्तर्राष्ट्रिय संस्था एडिस टयाक्स इनिसिएटिभ (एटीआई) र आन्तरिक राजस्व विभागको संयुक्त आयोजनामा Tax Expenditure Regional Conference काठमाडौंमा सम्पन्न।
- QR CODE सहितको कर चुक्ता प्रमाणपत्र प्राप्त गर्ने प्रणालीको विकास गरी कार्यान्वयन प्रारम्भ गरिएको।
- कर परीक्षणको गुणस्तर सुधारका लागि प्रणालीबाट नै कर परीक्षण गर्न ARMS (Audit Report Management System) प्रणाली कार्यान्वयनमा ल्याइएको।
- विराटनगर भन्सार कार्यालयबाट Piloting को रूपमा आशिकुडा प्रणालीमा Digital Signature को शुरुवात गरिएको।
- स्थानीय तहमा बुझाउनु पर्ने राजस्व करदाताले नेपालभरी जुनसुकै स्थानबाट अनलाइन प्रणाली (जस्तै Connect IPS जस्ता Digital Wallets) मार्फत बुझाउन सक्ने गरी Local Level Revenue Portal सञ्चालनमा ल्याइएको ।
- Treasury Accounting लगायतका विभिन्न मोड्युलहरूको विकास गरी एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) प्रणाली प्रयोगमा ल्याइएको ।
- नेपाल सरकार र प्रदेश सरकारको बजेट खर्चबाट भुक्तानीकर्ताको रूपमा रहने सम्पूर्ण भुक्तानीलाई विद्युतीय भुक्तानी प्रणाली (EFT-Electronic Fund Transfer) बाट हुने व्यवस्थाको विकास गरी सरकारी कारोवारलाई नगदरहित तथा विना चेक बनाइएको ।
- आन्तरिक राजस्व विभागको Integrated Tax System (ITS) प्रणालीसँग CGAS प्रणालीको अन्तरआवद्धता गरी स्वचालित रुपमा e-TDS हुने व्यवस्था मिलाईएको ।
- मन्त्रालयगत बजेट सुचना प्रणाली (LMBIS) र प्रदेशस्तरीय मन्त्रालयगत वजेट सुचना प्रणाली (PLMBIS) मा प्रविष्ट हुने वजेट तथा कार्यक्रमको विवरण स्वतः TSA, PTSA र CGAS मा आउने गरी प्रणालीको विकास गरिएको ।

# ३. अर्थ मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन भएका मुख्य मुख्य क्रियाकलाप सूचक र उपलब्धिको तुलनात्मक अवस्था

## ३.१ नेपाल सरकारको बजेट खर्चको यथार्थ अवस्था

राज्यका निर्देशक सिद्धान्त र नीतिले निर्दिष्ट गरे बमोजिम नीति, कार्यक्रम र आयोजनाहरू समावेश गरी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गरिएको छ। उक्त आर्थिक वर्षका लागि रु.१७ खर्ब ५१ अर्ब ५३ करोड बजेट प्रस्ताव गरिएकोमा चालु खर्चतर्फ रु.११ खर्ब ४१ अर्ब ७८ करोड अर्थात ६५.१९ प्रतिशत, पुँजिगत खर्चतर्फ रु. ३ खर्ब २ अर्ब ७ करोड अर्थात् १७.२४ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु. ३ खर्ब ७ अर्ब ४५ करोड अर्थात् १७.५७ प्रतिशत विनियोजन भएको थियो।

**तालिकाः ४ आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा सङ्घीय सरकारको विनियोजित बजेट र खर्च (रु. करोडमा)**

| विनियोजित शीर्षक | २०७९/८० | | २०८०/८१ | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | यथार्थ खर्च | वार्षिक विनियोजन | यथार्थ खर्च | २०७९/८० | २०८०/८१ |
| **कुल सङ्घीय खर्च** | **१७९३८३.७३** | **१४२१३२.७०** | **१७५१३१.२१** | **१४०८७६.४५** | **७९.२** | **८०.४** |
| चालु खर्च | ११८३२३.५१ | ९९१५०.६७ | ११४१७८.४१ | ९५२४१.५१ | ८३.८ | ८३.४ |
| पुँजीगत खर्च | ३८०३८.४५ | २३४६२.४८ | ३०२०७.४४ | १९१७१.७८ | ६१.७ | ६३.५ |
| वित्तीय व्यवस्था | २३०२१.७७ | १९५१९.५४ | ३०७४५.३६ | २६४६३.१६ | ८४.८ | ८६.१ |

## ३.२ मुलुकको राजस्व परिचालनको समग्र अवस्था

### तालिकाः ५ राजस्व सङ्कलनको विवरण, प्रगति र वृद्धिदर (रकम रु. लाखमा)

| कर शीर्षक | २०८०/८१ को लक्ष्य | २०८०/८१ को प्रगति | लक्ष्यको तुलनामा सङ्कलन | २०७९/८० को लक्ष्य | २०७९/८० को प्रगति | लक्ष्यको तुलनामा सङ्कलन | वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| भंसार महशुल | ३,०७४,३७७ | २,०१०,२३६ | ६५ | ३३०५६७९.९६ | १८२११६२.७६ | ५५ | १०.३८ |
| मूल्य अभिवृद्धि कर | ४,२५८,९१४ | ३,१०४,५०५ | ७३ | ३९८४६७९.०० | २८६६३१६.९८ | ७२ | ८.३१ |
| अन्तःशुल्क | २,०७२,२१४ | १,४६३,५२२ | ७१ | २१७२८२७.०० | १४३०६७९.७४ | ६६ | २.३० |
| शिक्षा सेवा शुल्क | २८,१०२ | ३२,६३८ | ११६ | ७९९३०१.०० | ३२१८४४.११ | ४० | -८९.८६ |
| आयकर | ३,६२१,१८९ | २,८३४,६४६ | ७८ | ३४७५७९२.०० | २५१८०९१.६६ | ७२ | १२.५७ |
| कर राजस्व जम्मा | १३,०५४,७९६ | ९,४४५,५४७ | ७२ | १२९५३७५७.९६ | ८६५६२८३.५९ | ६७ | ९.१२ |
| अन्य राजस्व (गैरकर) जम्मा | १,१७०,६२१ | १,१४३,४१७ | ९८ | १०७७७१२.०० | ९१७२०३.४६ | ८५ | २४.६६ |
| कुल राजस्व | १४,२२५,४१७ | १०,५८८,९६३ | ७४ | १४०३१४६९.९६ | ९५७३४८७.०५ | ६८ | १०.६१ |
| विविध प्राप्ति | - | २३८,५३१ | - | - | ५३३०२५.२८ | - | |
| **जम्मा राजस्व /प्राप्ति** | **१४,२२५,४१७** | **१०,८२७,४९५** | **७६** | **१४०३१४६९.९६** | **१०१०६५१२.३३** | **७२** | **७.१३** |

*स्रोतः अर्थ मन्त्रालय, २०८१*

**तालिकाः ६ कर राजस्वको तुलनात्मक स्थिति (रकम रु. लाखमा)**

| राजस्व शीर्षक | आ.व २०७९/८० को असुली | आ.व.२०८०/८१ को असुली | वृद्धिदर |
|---|---|---|---|
| आयकर | २५१८०९२ | २८३४६४६ | १२.५७ |
| मूल्य अभिबृद्धि कर (आन्तरिक) | ११७५५४० | १३०१०१२ | १०.६७ |
| मूल्य अभिबृद्धि कर (पैठारी) | १६९०७७६ | १८०३४९२ | ६.६६७ |
| अन्तशुल्क (आन्तरिक) | ११०८८३५ | १०९२०८७ | -१.५१ |
| अन्तशुल्क (पैठारी) | ३२१८४४ | ३७१४३३ | १५.४१ |

*स्रोतः अर्थ मन्त्रालय, २०८१*

# ४. आर्थिक वर्ष २०८०/८१ मा मुलुकको समग्र आर्थिक परिसूचक

## ४.१ आर्थिक वृद्धि र उपभोक्ता मुद्रास्फीति

- आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर १.९५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्रको आकार रु.५७ खर्ब ५ अर्ब पुगेको अनुमान छ। पछिल्लो दशकको मुलुकको वार्षिक औसत आर्थिक वृद्धिदर ४.१६ प्रतिशत रहेको छ।
- वार्षिक विन्दुगत आधारमा २०८१ असार महिनामा उपभोक्ता मुद्रास्फीति ३.५७ प्रतिशत रहेको छ। २०८० असार महिनामा यस्तो मुद्रास्फीति ७.४४ प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०८०/८१ को औसत उपभोक्ता मुद्रास्फीति ५.४४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो मुद्रास्फीति ७.७४ प्रतिशत रहेको थियो। पछिल्लो दशकको औसत उपभोक्ता मुद्रास्फीति ५.९६ प्रतिशत रहेको छ।
- चालु आर्थिक वर्षको बजेटले ६.० प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेको छ। त्यसैगरी, चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीतिलाई ५.५० प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य रहेको छ।

**तालिकाः ७ मुलुकको समग्र आर्थिक स्थिति (रु.अर्बमा)**

| विवरण | इकाई | आर्थिक वर्ष | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | |
| **वास्तविक क्षेत्र** | | | | |
| आर्थिक वृद्धि | प्रतिशतमा | १.९५ | ३.८७ | पछिल्लो दशकको औसत आर्थिक वृद्धिदर ४.१६ प्रतिशत रहेको |
| कृषि | प्रतिशतमा | २.७६ | ३.०५ | |
| उद्योग | प्रतिशतमा | १.३८ | १.२५ | |
| सेवा | प्रतिशतमा | २.३६ | ४.५० | |
| नेपालको अर्थतन्त्रको आकार (Nominal GDP) | रु. अर्बमा | ५३४९ | ५७०५ | ६.६६ |
| कुल गार्हस्थ्य उत्पादनको संरचना | प्रतिशतमा | १००.०० | १००.०० | ०.०० |
| कृषि | प्रतिशतमा | २३.९२ | २४.०९ | ०.७४ |
| उद्योग | प्रतिशतमा | १३.६० | १३.०० | -४.४१ |
| सेवा | प्रतिशतमा | ६२.४८ | ६२.९० | ०.६८ |
| कुल पुँजी निर्माण (कुल लगानी) | रु. अर्बमा | १६९३.३ | १७४१.५ | २.८५ |
| कुल स्थिर पुँजी लगानी (स्थिर लगानी | रु. अर्बमा | १३४१.३ | १३९४.९ | ४.०० |
| सरकारी | रु. अर्बमा | ४७६.१ | ४९७.९ | ४.५९ |
| निजी क्षेत्र | रु. अर्बमा | ८६५.२ | ८९७.० | ३.६७ |

| | | | | |
|---|---|---|---|---|
| कुल गार्हस्थ्य वचत | रु. अर्बमा | ३९६.२ | ४३४.५ | ९.६६ |
| कुल राष्ट्रिय वचत | रु. अर्बमा | १८०७.१ | २०६२.५ | १४.१३ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४०५ | १४५६ | ३.६३ |

## तालिकाः ८ मुलुकको सार्वजनिक वित्त(रु.अर्बमा)

| विवरण | आर्थिक वर्ष | | | | | वृद्धिदर (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| सार्वजनिक वित्त | | | | | | | |
| **कुल सरकारी खर्च** | १०९१.१३ | ११९६.६८ | १३१०.०० | १४२१.३३ | १४०८.७६ | ८.५० | -०.८८ |
| चालु खर्च | ७८४.१५ | ८४६.२२ | ९५४.३२ | ९९१.५१ | ९५२.४२ | ३.९० | -३.९४ |
| पूँजीगत खर्च | १८९.०८ | २२८.८४ | २१६.२१ | २३४.६२ | १९१.७२ | ८.५१ | -१८.२८ |
| वित्तीय व्यवस्था | ११७.९० | १२१.६२ | १३९.४७ | १९५.२० | २६४.६३ | ३९.९६ | ३५.५७ |
| **कुल राजस्व** | ७९३.७५ | ९३५.८९ | १०६६.३५ | ९५७.३५ | १०५८.९० | -१०.२२ | १०.६१ |
| कर | ७००.०६ | ८७०.११ | ९८४.३३ | ८६५.६३ | ९४४.५५ | -१२.०६ | ९.१२ |
| गैरकर | ९३.६९ | ६५.७८ | ८२.०१ | ९१.७२ | ११४.३४ | ११.८४ | २४.६६ |
| वैदेशिक अनुदान | १९.१९ | २६.७९ | २४.१५ | २३.०१ | २२.२७ | -४.७२ | -३.२२ |
| बेरुजु र नगद मौज्दात | ४७.५७ | ४०.४३ | ४८.५० | ५३.३० | २३.८५ | ९.९० | -५५.२५ |
| आन्तरिक ऋण लगानी फिर्ता | १.७९ | ३.२२ | २.९४ | ११.८१ | ४.४८ | ३०१.७० | -६२.०७ |
| **सङ्घीय राजस्व** | ७०४.७९ | ८२४.९५ | ९३८.२८ | ८३४.०६ | ९३३.०० | -११.११ | ११.८६ |
| कर | ६१३.३९ | ७६१.०६ | ८५९.१३ | ७४८.४२ | ८१८.६६ | -१२.८९ | ९.३९ |
| गैरकर | ९१.४० | ६३.८९ | ७९.१५ | ८५.६४ | ११४.३४ | ८.२० | ३३.५१ |
| **सङ्घीय आय** | ७७३.३४ | ८९५.३९ | १०१३.८७ | ९२२.१९ | ९८३.६० | -९.०४ | ६.६६ |
| कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा | | | | | | | |
| **कुल सरकारी खर्च** | २८.०६ | २७.४९ | २६.३२ | २६.५७ | २४.६९ | ०.९५ | -७.०८ |
| **सङ्घीय राजस्व** | १८.१२ | १८.९५ | १८.८५ | १५.५९ | १६.३५ | -१७.२९ | ४.८७ |
| **सङ्घीय आय** | १९.८९ | २०.५७ | २०.३७ | १७.२४ | १७.२४ | -१५.३७ | ०.०० |

## ४.२ कराधार विस्तार

- २०८० असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ५५ लाख ५४ हजार रहेकोमा २०८१ असारसम्म यस्तो सङ्ख्या ६३ लाख ४० हजार पुगेको छ। २०८१ असारसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ३५ हजार र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २५ हजार पुगेको छ।

## ४.३ सार्वजनिक ऋण

- सार्वजनिक ऋणको आकार बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा रु.१ खर्ब ३४ अर्ब ६८ करोड बराबरको खुद सार्वजनिक ऋण परिचालन भई २०८१ असार मसान्तमा सरकारको तिर्न बाँकी कुल सार्वजनिक ऋण रु.२४ खर्ब ३३ अर्ब २४ करोड पुगेको छ। कुल ऋणमध्ये वाह्य र आन्तरिक ऋणको हिस्सा क्रमशः ५१.५ प्रतिशत र ४८.५ प्रतिशत रहेको छ।
- सङ्घीय सरकारले आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक ऋण रु.२ खर्ब ३४ अर्ब ४२ करोड र बाह्य ऋण रु.१ खर्ब २३ अर्ब ६१ करोड गरी जम्मा रु.३ खर्ब ५८ अर्ब ३ करोड बराबरको सार्वजनिक ऋण परिचालन गरेको छ।
- आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक ऋणतर्फ रु.१ खर्ब ८२ अर्ब ६२ करोड र बाह्य ऋणतर्फ रु.४० अर्ब ७२ करोड बाह्य गरी जम्मा रु.२ खर्ब २३ अर्ब ३४ करोड सावाँ भुक्तानी भएको छ। यसैगरी, यस अवधिमा आन्तरिक ऋणतर्फ रु.७२ अर्ब ७७ करोड र बाह्य ऋणतर्फ रु.९ अर्ब २६ करोड गरी जम्मा रु.८२ अर्ब ३ करोड बराबरको ब्याज भुक्तानी भएको छ। समग्रमा आर्थिक वर्ष २०८०/८१ मा सरकारको कुल ऋणसेवा खर्च (साँवा र ब्याज) रु.३ खर्ब ५ अर्ब ३८ करोड रहेको छ।
- सार्वजनिक ऋण परिचालनमा वृद्धि हुँदै गएसँगै ऋण सेवा खर्चमा समेत वृद्धि हुँदै गएको छ। चालु आर्थिक वर्ष २०८१/८२ को लागि रु.३ खर्ब बराबरको साँवा र रु.१ खर्ब ३ अर्ब बराबरको ब्याज गरी ऋण सेवातर्फ जम्मा रु.४ खर्ब ३ अर्ब विनियोजन भएको छ। ऋणको लागत एवम् परिमाणलाई दृष्टिगत गर्दै सार्वजनिक ऋणको विद्यमान स्थिति एवम् ऋण सेवा खर्चको प्रवृत्तिको आधारमा आगामी आर्थिक वर्ष २०८२/८३ मा ऋणसेवा तर्फको खर्च रु.५ खर्ब नाघ्ने अनुमान छ। यसबाट सार्वजनिक ऋणबापतको भुक्तानीको लागि समेत ऋण लिनुपर्ने स्थितिको सिर्जना हुनसक्ने जोखिम रहेको छ।

**तालिका: १० सार्वजनिक ऋण र विकास सहायता प्रतिवद्धता**

| विवरण | इकाई | आर्थिक वर्ष | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | |
| **सार्वजनिक ऋण र ऋण सेवा खर्च** | | | | |
| कुल सार्वजनिक ऋण | रु.अर्बमा | २२९९.३५ | २४३३.२४ | ५.८ |
| आन्तरिक | रु.अर्बमा | ११२९.१० | ११८०.९० | ४.६ |
| बाह्य | रु.अर्बमा | ११७०.२५ | १२५२.३४ | ७.० |
| ऋणको सावाँ भुक्तानी | रु.अर्बमा | १४९.७१ | २२३.३५ | ४९.२ |
| आन्तरिक | रु.अर्बमा | ११५.०९ | १८२.६२ | ५८.७ |
| बाह्य | रु.अर्बमा | ३४.६२ | ४०.७२ | १७.६ |
| ऋणको ब्याज भुक्तानी | रु.अर्बमा | ७२.८९ | ८२.०३ | १२.५ |
| आन्तरिक | रु.अर्बमा | ६४.४९ | ७२.७७ | १२.८ |
| बाह्य | रु.अर्बमा | ८.४० | ९.२६ | १०.३ |
| ऋण सेवा खर्च | रु.अर्बमा | २२२.६१ | ३०५.३८ | ३७.२ |
| आन्तरिक | रु.अर्बमा | १७९.५९ | २५५.३९ | ४२.२ |
| बाह्य | रु.अर्बमा | ४३.०२ | ४९.९९ | १६.२ |
| **वैदेशिक सहायता प्रतिबद्धता** | | | | |
| कुल वैदेशिक सहायता प्रतिबद्धता | रु.अर्बमा | २१८.०५ | १२७.८९ | -४१.३ |
| अनुदान | रु.अर्बमा | ४२.३१ | ४२.९८ | १.६ |
| ऋण | रु.अर्बमा | १७५.७४ | ८४.९१ | -५१.७ |

## ४.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- आर्थिक वर्ष २०८०/८१ मा अनुदान रु.२२ अर्ब २७ करोड र ऋण रु.१ खर्ब २३ अर्ब ६१ करोड गरी कुल वैदेशिक सहायता परिचालन रु.१ खर्ब ४५ अर्ब ८८ करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा अनुदान रु.२३ अर्ब १२ करोड र ऋण रु.१ खर्ब २३ अर्ब ५ करोड गरी कुल वैदेशिक सहायता परिचालन रु.१ खर्ब ४६ अर्ब १६ करोड रहेको थियो। आर्थिक वर्ष २०८०/८१ को कुल वैदेशिक सहायतामध्ये अनुदान १५.३ प्रतिशत र ऋण ८४.७ प्रतिशत रहेको छ।

तालिकाः ११ मुलुकको बाह्य क्षेत्र

| विवरण | इकाई | आर्थिक वर्ष | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | |
| बाह्य क्षेत्र ( आर्थिक वर्ष २०८१/८२) | | | | |
| वस्तु निकासी | रु. अर्बमा | १५७.१४ | १५२.३८ | -३.०३ |
| वस्तु पैठारी | रु. अर्बमा | १६११.७३ | १५९२.९९ | -१.१६ |
| वस्तु व्यापार घाटा | रु. अर्बमा | १४५४.५९ | १४४०.६० | -०.९६ |
| कुल वस्तु व्यापार | रु. अर्बमा | १७६८.८७ | १७४५.३७ | -१.३३ |
| कुल व्यापारमा निकासीको हिस्सा | प्रतिशतमा | ८.८८ | ८.७३ | -१.७२ |
| बाह्य क्षेत्र ( वार्षिक तथ्याङ्कमा आधारित) | | | | |
| शोधनान्तर स्थिति | रु. अर्बमा | २८५.८२ | ५०२.४९१ | ७५.८० |
| चालु खाता सन्तुलन | रु. अर्बमा | -४६.५६६ | २२१.३३९२ | |
| विप्रेषण आप्रवाह | रु. अर्बमा | १२४०.६९ | १४४५.३२ | १६.५ |
| नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या | सङ्ख्यामा | ४९७७०४ | ४६०१०३ | -७.५५ |
| विदेशी विनिमय सञ्चिति | रु. अर्बमा | १५३९.३६ | २०४१.१०३ | ३२.५९ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा) | महिना | १०.० | १३.० | |
| पर्यटक आगमन | हजारमा | ८६३ | ११२८ | ३२.०९ |
| भ्रमण आय | रु. अर्बमा | ६२.३० | ८२.३३ | ३२.१४ |
| वैदेशिक लगानी आप्रवाह | रु. अर्बमा | ७.९८ | ८.४७ | ६.२३ |
| कुल वस्तु तथा सेवा निकासी | रु. अर्बमा | ३७६.०१ | ४३५.१४ | १५.७३ |
| कुल वस्तु तथा सेवा पैठारी | रु. अर्बमा | १८५५.०६ | १८७८.७५ | १.२८ |
| खुद वस्तु तथा सेवा आय | रु. अर्बमा | -१४७९.०५ | -१४४३.६ | -२.४० |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८१

## ४.५ मौद्रिक स्थिति

- बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप बढेको छ। निक्षेपको तुलनामा कर्जा प्रवाहमा भएको वृद्धि न्यून रहेको छ। वार्षिक बिन्दुगत आधारमा २०८१ असार महिनामा बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.० प्रतिशत र निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा ५.८ प्रतिशतले बढेको छ। साथै, कुल आन्तरिक कर्जा ६.१ प्रतिशतले बढेको छ।

- ब्याजदर क्रमशः कम हुँदै गएको छ। २०८१ असार मसान्तमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ३.०० प्रतिशत, औसत अन्तर बैङ्क ब्याजदर २.९९ प्रतिशत, वाणिज्य बैङ्कको औसत आधार दर ८.०० प्रतिशत, निक्षेपको भारित औसत व्याजदर ५.७७ प्रतिशत र कर्जाको भारित औसत व्याजदर ९.९३ प्रतिशत रहेको छ। २०८० असार मसान्तमा बाणिज्य बैङ्कको निक्षेप र कर्जाको भारित औसत व्याजदर क्रमशः ७.८६ प्रतिशत र १२.३० प्रतिशत रहेको थियो।

- वित्तीय पहुँचमा वृद्धि हुँदै गएको छ। बैङ्क तथा वित्तीय संस्था गाभ्ने/गाभिने नीति अनुरुप वाणिज्य बैङ्क २०, विकास बैङ्क १७ वित्त कम्पनी १७ लघुवित्त वित्तीय संस्था ५२ र पूर्वाधार विकास बैङ्क १ गरी २०८१ असारसम्म १०७ बैङ्क तथा वित्तीय संस्था रहेका छन्। साथै, बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,५३० पुगेको छ।

**तालिकाः १२ मुलुकको मौद्रिक तथा बैङ्किङ्ग क्षेत्र**

| विवरण | इकाई | आर्थिक वर्ष | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | |
| **मौद्रिक तथा बैङ्किङ्ग क्षेत्र** | | | | |
| बैङ्क तथा वित्तीय संस्था | सङ्ख्यामा | ११२ | १०७ | |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्जाल | सङ्ख्यामा | ११५८९ | ११५३० | |
| वाणिज्य बैङ्क पुगेको स्थानीय तह | सङ्ख्यामा | ७५२ | ७५२ | |
| कुल निक्षेप | रु. अर्बमा | ५७१० | ६४५२ | १३.०० |
| कुल कर्जा | रु. अर्बमा | ६१५९ | ६६२२ | ७.५१ |
| निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा | रु. अर्बमा | ४७९७.०३ | ५०७३.९९ | ५.८ |
| विस्तृत मुद्राप्रदाय | रु. अर्बमा | ६१६५ | ६९६४ | १३.० |
| सङ्कुचित मुद्रा प्रदाय | रु. अर्बमा | ९५१ | ९३९ | -१.२८ |
| निष्कृय कर्जा | कुल कर्जा लगानीको प्रतिशतमा | ३.०२ | ३.८६ | |
| विपन्न क्षेत्र कर्जा | कुल कर्जा लगानीको प्रतिशतमा | ६.७५ | ६.२२ | |
| **भारित औसत ब्याजदर (वाणिज्य बैङ्क)** | | | | |
| आधार दर | प्रतिशतमा | १०.०३ | ८.०० | |
| निक्षेप | प्रतिशतमा | ७.८६ | ५.७७ | |
| कर्जा | प्रतिशतमा | १२.३० | ९.९३ | |
| **ब्याजदर** | | | | |
| ९१-दिने ट्रेजरी बिल | प्रतिशतमा | ६.३५ | ३.०० | |
| औसत अन्तर बैङ्कदर | प्रतिशतमा | ३.१४ | २.९९ | |

## तालिकाः १३ मुलुकको मौद्रिक तथा बैङ्किङ्ग क्षेत्र

| विवरण | इकाई | आर्थिक वर्ष | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | |
| **मौद्रिक तथा बैङ्किङ्ग क्षेत्र** | | | | |
| बैङ्क तथा वित्तीय संस्था | सङ्ख्यामा | ११२ | १०७ | |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्चाल | सङ्ख्यामा | ११५८९ | ११५३० | |
| वाणिज्य बैङ्क पुगेको स्थानीय तह | सङ्ख्यामा | ७५२ | ७५२ | |
| कुल निक्षेप | रु. अर्बमा | ५७१० | ६४५२ | १३.०० |
| कुल कर्जा | रु. अर्बमा | ६१५९ | ६६२२ | ७.५१ |
| निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा | रु. अर्बमा | ४७९७.०३ | ५०७३.९९ | ५.८ |
| विस्तृत मुद्राप्रदाय | रु. अर्बमा | ६१६५ | ६९६४ | १३.० |
| सङ्कुचित मुद्रा प्रदाय | रु. अर्बमा | ९५१ | ९३९ | -१.२८ |
| निष्कृय कर्जा | कुल कर्जा लगानीको प्रतिशतमा | ३.०२ | ३.८६ | |
| विपन्न क्षेत्र कर्जा | कुल कर्जा लगानीको प्रतिशतमा | ६.७५ | ६.२२ | |
| **भारित औसत ब्याजदर (वाणिज्य बैङ्क)** | | | | |
| आधार दर | प्रतिशतमा | १०.०३ | ८.०० | |
| निक्षेप | प्रतिशतमा | ७.८६ | ५.७७ | |
| कर्जा | प्रतिशतमा | १२.३० | ९.९३ | |
| **ब्याजदर** | | | | |
| ९१-दिने ट्रेजरी बिल | प्रतिशतमा | ६.३५ | ३.०० | |
| औसत अन्तर बैङ्कदर | प्रतिशतमा | ३.१४ | २.९९ | |

## तालिकाः १४ समग्र मुल्य स्थिति

| विवरण | इकाई | आर्थिक वर्ष | | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | |
| **समग्र मूल्य स्थिति (वार्षिक तथ्याङ्कमा आधारित)** | | | | |
| उपभोक्ता मुद्रास्फीति (असार महिनाको) | प्रतिशतमा | ७.४४ | ३.५७ | २०८० असारको तुलनामा २०८१ असारमा उपभोक्ता मुद्रास्फीति ३.८७ |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ७.३८ | ४.१ | |
| गैरखाद्य तथा सेवा क्षेत्र | प्रतिशतमा | ७.४८ | ३.१५ | |

| | | | | |
|---|---|---|---|---|
| औसत उपभोक्ता मुद्रास्फीति (१२ महिनाको) | प्रतिशतमा | ७.७४ | ५.४४ | प्रतिशत बिन्दुले घटेको र गत आर्थिक वर्षको औषत मुद्रास्फीति बजेटले तोकेको लक्षित सीमाभित्र रहेको। |
| थोक मुद्रास्फीति (असार महिनाको) | प्रतिशतमा | ४.९८ | ४.४१ | |
| औसत थोक मुद्रास्फीति (१२ महिनाको) | प्रतिशतमा | ८.४७ | ३.९२ | |
| तलब तथा ज्यालदर सूचकाङ्कको वृद्धिदर (असार महिनाको) | प्रतिशतमा | ८.७१ | ३.५६ | |
| औसत तलब तथा ज्यालदर सूचकाङ्कको वृद्धिदर (१२ महिनाको) | प्रतिशतमा | ९.९ | ५.०९ | |

### ४.६ मुद्राप्रदाय

- आर्थिक वर्ष २०८०/८१ मा विस्तृत मुद्राप्रदाय १३.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षमा सोही अवधिमा विस्तृत मुद्राप्रदाय ११.२ प्रतिशतले बढेको थियो।

### ४.७ बीमा

- बीमा व्यवसायमा भएको विस्तार एवम् बीमाप्रति नागरिकको सचेतनामा अभिवृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ बीमाको दायरामा आएको जनसङ्ख्या ४३.२७ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा बीमाको दायरामा आएको जनसङ्ख्या ४४.३८ प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०८०/८१ मा कुल जीवन बीमालेख सङ्ख्या १.८१ प्रतिशतले घटेको छ भने निर्जीवन बीमालेख सङ्ख्या ३.९१ प्रतिशतले बढेको छ।
- आर्थिक वर्ष २०८०/८१ मा बीमा प्रिमियम सङ्कलन ८.३४ प्रतिशतले बढेर रु.१ खर्ब ९७ अर्ब ८० करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन रु.१ खर्ब ८२ अर्ब ५७ करोड रहेको थियो।

### ४.८ पुँजी बजार

- २०८१ असारमसान्तमा नेप्से सूचकाङ्क २२४०.४११ बिन्दु कायम भएको छ। २०८० असार मसान्तमा यस्तो सूचकाङ्क २०९७.१० बिन्दु कायम भएको थियो।
- पुँजीबजारमा क्रमशः सुधार देखिएसँगै बजार पुँजीकरणमा समेत वृद्धि हुँदै गएको छ। २०८१ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.३५ खर्ब ५३ अर्ब ६८ करोड पुगेको छ। २०८० असार मसान्तमा यस्तो पुँजीकरण रु. ३० खर्ब ८२ अर्ब ५२ करोड रहेको थियो।

### ४.९ वैदेशिक व्यापार

- आर्थिक वर्ष २०८०/८१ मा कुल वस्तु निर्यात ३ प्रतिशतले कमी आई रु.१५२ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात २१.४ प्रतिशतले घटेको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात घटेको छ भने चीनतर्फ भएको निर्यात उल्लेखनीय रुपले बढेको छ।
- आर्थिक वर्ष २०८०/८१मा कुल वस्तु आयात १.२ प्रतिशतले कमी आई रु.१५९२ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १६.१ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत तथा अन्य मुलुकबाट भएको आयात घटेको छ भने चीनबाट भएको आयात उल्लेखनीय रुपले बढेको छ।

### ४.१० सेवा व्यापार र पर्यटक आगमन

- आर्थिक वर्ष २०८०/८१ मा सेवा आय रु.२ खर्ब ५२ अर्ब ७७ करोड र सेवा भुक्तानी रु.३ खर्ब ८ अर्ब ६३ करोड रहेको छ। सेवा आय भन्दा सेवा भुक्तानी रु.५५ अर्ब ८६ करोडले बढी रहेको छ। आर्थिक वर्ष २०७९/८० मा सेवा आय भन्दा सेवा भुक्तानी रु.७९ अर्ब ८९ करोडले बढी रहेको थियो।
- आर्थिक वर्ष २०८०/८१ मा भ्रमण आय ३२.१ प्रतिशतले वृद्धि भई रु.८२ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो आय रु.६२ अर्ब ३० करोड रहेको थियो।
- आर्थिक वर्ष २०८०/८१ मा भ्रमण व्यय ३१.१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८९ अर्ब ४३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो व्यय रु.१ खर्ब ४४ अर्ब ५२ करोड रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा भ्रमण व्ययमध्येमा शिक्षातर्फको व्ययमात्र ६६.१ रहेको छ।
- आर्थिक वर्ष २०८०/८१ मा ११ लाख २८ हजार पर्यटक नेपाल भित्रिएका छन् जुन आर्थिक वर्ष २०७९/८० को सोही अबधिको तुलनामा ३०.७ प्रतिशतले बढी हो।

### ४.११ वैदेशिक रोजगार र विप्रेषण आप्रवाह

- आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनःश्रम स्वीकृति लिएका नेपाली कामदारको सङ्ख्या आर्थिक वर्ष २०७९/८० को तुलनामा ४.३ प्रतिशतले सङ्कुचन भई ७ लाख ४१ हजार रहेको छ। आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा यस्तो सङ्ख्या ७ लाख ७५ हजार रहेको थियो।
- आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा केही सङ्कुचन भएपनि विप्रेषण आप्रवाह भने बढेको छ। यस अवधिमा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले

वृद्धि भई रु.१४ खर्ब ४५ अर्ब ३२ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह २३.२ प्रतिशतले वृद्धि भएको थियो।

### ४.१२ शोधनान्तर स्थिति र चालु खाता

- आर्थिक वर्ष २०८०/८१ मा शोधनान्तर स्थिति रु.५ खर्ब २ अर्ब ४९ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७९/८० मा शोधनान्तर स्थिति रु.२ खर्ब ८५ अर्ब ८२ करोडले बचतमा रहेको थियो।
- आर्थिक वर्ष २०८०/८१ मा चालु खाता रु.२ खर्ब २१ अर्ब ३४ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७९/८० मा चालु खाता रु.४६ अर्ब ५७ करोडले घाटामा रहेको थियो।

### ४.१३ विदेशी विनिमय सञ्चिति

- २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा विदेशी विनिमय सञ्चिति ३२.६ प्रतिशतले वृद्धि भई रु.२० खर्ब ४१ अर्ब १० करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को १२ महिनासम्मको वस्तु तथा सेवाको पैठारीलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.६ महिनाको वस्तु पैठारी र १३ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त छ।

### ४.१४ वैदेशिक लगानी

- आर्थिक वर्ष २०८०/८१ मा कुल वैदेशिक लगानी आप्रवाह ६.२ प्रतिशतले वृद्धि भई रु.८ अर्ब ४७ करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा रु.७ अर्ब ९८ करोड बराबरको वैदेशिक लगानी मुलुकमा भित्रिएको थियो।
- आर्थिक वर्ष २०८०/८१ मा उद्योग विभागबाट स्वीकृत कुल विदेशी लगानी रु.६१ अर्ब ९० करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा रु.३० अर्ब ७० करोड बराबरको विदेशी लगानी स्वीकृत भएको थियो। २०८१ असारसम्ममा रु.५ खर्ब ११ अर्ब ६२ करोड बराबरको कुल विदेशी लगानी उद्योग विभागबाट स्वीकृत भएको छ।

### ४.१५ कम्पनी दर्ता

- आर्थिक गतिविधिमा क्रमिक सुधार हुँदै गएसँगै कम्पनी दर्ता सङ्ख्या समेत क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा २५,७४६ थप कम्पनी दर्ता भएका छन्। आर्थिक वर्ष २०७९/८० मा यस्तो सङ्ख्या २१,४१३ रहेको थियो।

## ५. निष्कर्ष

अर्थ मन्त्रालयले नेपालको संविधानको धारा ५१ को खण्ड(घ) मा उल्लिखित नीतिबाट मार्गदर्शित भई नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बाट तोकिएको कार्यक्षेत्रमा मन्त्रालयको दीर्घकालीन सोच तथा सो अनुरुपको उद्देश्य हासिल गर्नका लागि लिइएका रणनीति अवलम्बन गरी दक्षतापूर्वक कार्यसम्पादन गरेको छ। देशको अर्थतन्त्रलाई सबल एवम् सुदृढ बनाउनका लागि नीतिगत, संरचनागत तथा कार्यगत सुधारका क्षेत्रमा मन्त्रालय वा मातहतबाट सम्पादन हुने क्रियाकलाहरू निर्देशित गर्दै आइरहेको छ।